# NYC मा सबैजनाले स्वास्थ्य हेरचाह सेवाहरू पाउन सक्छन् :

## *आप्रवासी न्यूयोर्कवासीहरूको लागि बारम्बार सोधिने प्रश्नहरू*



प्रत्येक न्यूयोर्कवासीलाई उनीहरूको अध्यागमन स्थिति वा भुक्तानी गर्ने क्षमता जेसुकै भए तापनि, गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकार छ। आफ्नो र आफ्नो परिवारको ख्याल राख्नुहोस्, र तपाईंलाई चाहिने स्वास्थ्य सेवाहरू प्राप्त गर्नुहोस्। अध्यागमनको स्थिति जेसुकै भए तापनि स्वास्थ्य सेवा र सामाजिक सेवाहरू सहित शहरका धेरै सेवाहरू सबै न्यूयोर्कवासीहरूको लागि उपलब्ध छन्।

### स्वास्थ्य बीमा

**मैले कुन स्वास्थ्य बीमा योजनाहरूको लागि साइन अप गर्न सक्छु ?**

आप्रवासी न्यूयोर्कवासीहरूसँग बीमाका धेरै विकल्पहरू छन्। न्यूयोर्क राज्यका बच्चाहरूले कागजात नभए पनि, स्वास्थ्य बीमा प्राप्त गर्न सक्छन्। NYC स्वास्थ्य र मानसिक स्वच्छता विभाग (NYC Department of Health and Mental Hygiene) (NYC स्वास्थ्य विभाग) सँग प्रमाणित आवेदन सल्लाहकारहरू छन् जसले तपाईंलाई स्वास्थ्य बीमाको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर पत्ता लगाउन वा साइन अप कसरी गर्ने भनेर सहयोग गर्न सक्छन्। थप जानकारीको लागि, **311** मा फोन गर्नुहोस्, 877-877 मा "CoveredNYC" लेखेर टेक्स्ट पठाउनुहोस् वा nyc.gov/health/healthcoverage मा जानुहोस्।

यदि तपाईं NYC Health + Hospitals मा जाँदै हुनुहुन्छ भने, तपाईंलाई स्वास्थ्य बीमा खोज्न सहयोग गर्नको लागि वित्तीय सल्लाहकारको अनुरोध गर्नुहोस्। याद राख्नुहोस्, तपाईंसँग लिखित अनुवादहरू र व्यक्तिगत रूपमा वा टेलिफोनमा दोभाषे सहित तपाईंले चाहेको भाषामा सेवाहरू प्राप्त गर्ने अधिकार छ।

### NYC CARE

**म स्वास्थ्य बीमाको लागि योग्य छैन। मैले स्वास्थ्य हेरचाह सेवाहरू कसरी प्राप्त गर्न सक्छु ?**

NYC Care एउटा स्वास्थ्य सेवामा पहुँच कार्यक्रम हो जसले स्वास्थ्य बीमा प्राप्त गर्न वा तिर्न नसक्ने न्यूयोर्कवासीहरूलाई कम र बिना खर्चको सेवाहरू प्रदान गर्छ। NYC Care स्वास्थ्य बीमा योजना **होइन**। तर, यदि तपाईंसँग NYC Care छ भने, तपाईंले स्वास्थ्य सेवाहरूमा पहुँच गर्न, आफ्नै स्वास्थ्य सेवा प्रदायक छनौट गर्न र कम लागतमा औषधिहरू प्राप्त गर्न सदस्यता कार्ड प्राप्त गर्न सक्नुहुन्छ। NYC Health + Hospitals ले NYC Care सेवाहरू प्रदान गर्छ।

**NYC Care को लागि कति खर्च लाग्छ ? मैले NYC Care को लागि कसरी साइन अप गर्न सक्छु ?**

NYC Care स्वास्थ्य सेवाहरू तपाईंको घरको आकार र आम्दानीमा निर्भर रहँदै या त कम खर्चको वा बिना खर्चको हुन्छन्। NYC Care को लागि साइन अप गर्नको लागि, 646-NYC-CARE (646-692-2273) मा फोन गर्नुहोस् वा कुनै पनि NYC Health + Hospitals को स्थानमा वित्तीय सल्लाहकारसँग भेट्न अनुरोध गर्नुहोस्। थप जानकारीको लागि, nyccare.nyc मा जानुहोस्।

Nepali

Mayor's Office of Immigrant Affairs | Health | NYC HEALTH+ HOSPITALS

## स्वास्थ्य बीमा नभएका न्यूयोर्कवासीहरूको लागि आकस्मिक हेरचाह

### मसँग स्वास्थ्य बीमा छैन तर आकस्मिक हेरचाह चाहिन्छ। मैले यो कसरी तिर्ने ?

Emergency Medicaid ले कम आय भएका कागजातविहीन र अस्थायी आप्रवासी न्यूयोर्कवासीहरूलाई आकस्मिक बेलामा स्वास्थ्य सेवाहरूको लागि भुक्तानी गर्न सहयोग गर्छ। Emergency Medicaid को लागि योग्य आप्रवासी न्यूयोर्कवासीहरू पनि आफ्नो मेडिकल प्रदायकसँग भेट्ने र औषधिको खर्च कभर गर्न NYC Care को लागि योग्य हुन सक्छन्।

भविष्यको आकस्मिक अवस्थामा तपाईंले कुनै पनि समय Emergency Medicaid को लागि साइन अप गर्न सक्नुहुन्छ। यदि तपाईं NYC Health + Hospitals मा जाँदै हुनुहुन्छ भने, तपाईंलाई साइन अप गर्न सहयोग गर्न सक्ने वित्तीय सल्लाहकार माँग्नुहोस्। तपाईंको अध्यागमन स्थिति वा भुक्तानी गर्ने क्षमता जेसुकै भए तापनि तपाईंले NYC को कुनै पनि अस्पतालमा आकस्मिक हेरचाह प्राप्त गर्न सक्नुहुन्छ। थप जानकारीको लागि, **311** मा फोन गर्नुहोस् वा 877-877 मा "CoveredNYC" लेखेर टेक्स्ट पठाउनुहोस्।

## सार्वजनिक शुल्क

### सार्वजनिक शुल्कको के नियम छ ? के यो अझै प्रयोग गरिँदैछ ?

अगस्त 2019 मा, ट्रम्प प्रशासनले नयाँ सार्वजनिक शुल्कको नियम घोषणा गर्यो। नियमले आप्रवासीहरूलाई यदि उनीहरूले Medicaid, खाद्य सहयोग, वा आवास सहयोग जस्ता केही सार्वजनिक सुविधाहरू प्रयोग गरेमा - वा यदि संघीय सरकारले उनीहरू भविष्यमा सार्वजनिक सुविधाहरूमा निर्भर हुने सम्भावना छ भन्ने सोंचेमा ग्रीन कार्ड वा भिसा प्राप्त गर्नबाट रोक्न खोजेको थियो। तर, ट्रम्प प्रशासनको सार्वजनिक नियमको अन्त्य भएको छ। मार्च 9, 2021 सम्ममा, गृह सुरक्षाको अमेरिकी विभाग (U.S. Department of Homeland Security) ले अगस्त 2019 अघि लागू भएका नीतिहरू प्रयोग गर्ने तर्फ फर्किने बताएको छ। थप जानकारी र अपडेटहरूको लागि, nyc.gov/publiccharge मा जानुहोस्।

### सार्वजनिक शुल्कको नियम मलाई लागू हुने कुरा मैले कसरी थाहा पाउनेछु ?

यदि तपाईंसँग सार्वजनिक शुल्कको बारेमा प्रश्नहरू भएमा, र समयमै र विश्वसनीय जानकारी प्राप्त गर्न र शहरद्वारा प्रायोजित, निःशुल्क र सुरक्षित आप्रवास कानूनी सहायता कनेक्सनहरू प्राप्त गर्नको लागि ActionNYC को हटलाइन 800-354-0365 मा सोमबार देखि शुक्रबार, बिहान 9 बजे देखि साँझ 6 बजेसम्म फोन गर्नुहोस्, र "public charge (सार्वजनिक शुल्क)" भन्नुहोस्। हटलाइन नि : शुल्क र बेनामी छ, र 200 वटा भन्दा बढी भाषाहरूमा सहयोग उपलब्ध छ।

## अध्यागमन प्रवर्तन र स्वास्थ्य हेरचाहमा पहुँच

### म कागजविहीन आप्रवासी हुँ। के मेरो प्रदायकले मलाई अध्यागमन र भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE) जस्ता संघीय अध्यागमन अधिकृतहरूलाई रिपोर्ट गर्न सक्छ ?

प्रदायकहरूले आफ्ना बिरामीहरूको आप्रवासन स्थिति जेसुकै भए तापनि उनीहरूको गोपनीयताको रक्षा गर्नुपर्छ। अस्पताल र क्लिनिकहरूले कानूनी आवश्यकता बाहेक, बिरामीको स्वीकृति बिना बिरामीको जानकारी साझा गर्दैनन्। प्रदायकहरूले आप्रवासीहरूको गोपनीयता कसरी सुरक्षित गर्छन् भन्ने बारेमा थप जानकारीको लागि, nychealthandhospitals.org/immigrant मा जानुहोस् र H+H को Open Letter to Immigrant New Yorkers (आप्रवासी न्यूयोर्क वासीहरूलाई खुला पत्र) पढ्नुहोस्।

### यदि ICE अधिकृतहरू अस्पतालमा आएमा मैले के गर्नुपर्छ ?

तपाईंले ICE सँग कुरा गर्नु पर्दैन। यदि कुनै ICE अधिकृतले तपाईंको अस्पतालको कोठा जस्तो निजी क्षेत्रमा प्रवेश गर्ने प्रयास गरेमा, तपाईंसँग ढोका बन्द राख्ने र उनीहरूसँग न्यायिक वारेन्ट छ कि छैन भनेर सोध्ने अधिकार छ। न्यायिक वारेन्ट न्यायाधीशद्वारा हस्ताक्षर गरिएको अदालतको कानूनी कागजात हो, जसले कसैलाई वा मानिसहरूको समूहलाई केही गर्न अनुमति दिन्छ। थप जानकारीको लागि, nyc.gov/immigrants मा जानुहोस् र **know your rights** (आफ्नो अधिकार जान्नुहोस) खोज्नुहोस्। यदि कुनै ICE अधिकृतले तपाईंलाई वा तपाईंको प्रियजनलाई हिरासतमा राखेमा, तपाईंले निःशुल्क र सुरक्षित कानुनी सहयोग प्राप्त गर्नको लागि द्रुत प्रतिक्रिया कानूनी सहकार्य (Rapid Response Legal Collaborative) लाई 800-354-0365 मा फोन गर्न सक्नुहुन्छ।